आज मिति २०७६/१०/२५ गते विहान ८ बजे यस निजगढ नगरपालिकाका प्रमुख एवं नगर कार्यपालिकाका अध्यक्ष श्री सुरेशकुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थितीहरुः

प्रमुख - श्री सुरेशकुमार खनाल, निजगढ नगरपालिका

उपप्रमुख- श्री लिला देवी लामीछाने, खनाल, निजगढ नगरपालिका

वडा अध्यक्ष - वडा नं. १ श्री मंगले लोप्चन

वडा अध्यक्ष - वडा नं. २ श्री केशवप्रसाद उपाध्याय ढोडारी

वडा अध्यक्ष - वडा नं. ३ श्री जीत बहादुर तामाङ

वडा अध्यक्ष - वडा नं. ४ श्री जयराम कुमार

वडा अध्यक्ष - वडा नं. ५ श्री थलप्रसाद गौतम

वडा अध्यक्ष - वडा नं. ६ श्री कुश बहादुर थापा

वडा अध्यक्ष - वडा नं. ७ श्री रामजी प्रसाद बजगाई

वडा अध्यक्ष - वडा नं. ८ श्री टेक बहादुर लामा

वडा अध्यक्ष - वडा नं. ९ श्री सुदर्शन प्रसाद बडाल

वडा अध्यक्ष - वडा नं. १० श्री पदम बहादुर मोक्तान

वडा अध्यक्ष - वडा नं. ११ श्री प्रेम बहादुर रुम्बा

वडा अध्यक्ष - वडा नं. १२ श्री ज्ञान बहादुर गोले

वडा अध्यक्ष - वडा नं. १३ श्री सुर्य घलान

नगर कार्यपालिका सदस्य - श्री जगत कुमारी अधिकारी

नगर कार्यपालिका सदस्य - श्री निमोदेवी विश्वकर्मा

नगर कार्यपालिका सदस्य - श्री मिनमाया लामा

नगर कार्यपालिका सदस्य - श्री राधा कुमारी पुलामी मगर

नगर कार्यपालिका सदस्य - श्री लक्ष्मी गौतम

नगर कार्यपालिका सदस्य - श्री पदम बहादुर भुजेल

नगर कार्यपालिका सदस्य - श्री पवन विश्वकर्मा

नगर कार्यपालिका सदस्य - श्री सरिता राई, दनुवार

नि. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव - श्री राजु बानियाँ

प्रस्ताव नं. १
धन्सार खोलाको ठेक्का सम्वन्धमा ।

निर्णय नं. १
निर्णय नं. १ माथि छलफल गर्दा धन्सार खोलाको ठेक्का बन्दोवस्तको लागि मिति २०७६।०८।२९ मा ८९७७४ घन मिटर नदीजन्य पदार्थ उत्खनन गर्ने गरी कार्यपलिकाबाट निर्णय भई टेण्डर आव्हान भएकोमा कसैले पनि आवेदन पत्र दर्ता नभएको हुँदा आजको बैठकबाट सो टेण्डरको परिमाणलाइ सोही IEE प्लटबाट दैनिक ४०० घन मिटरको दरले (चैत्र १ देखि जेष्ठ मसान्तसम्म कुल परिमाण ३६००० घन मिटर) हुन आउने हुँदा सोही अनुसारको परिमाणलाई नियमानुसार उत्खनन तथा निकासी ठेक्का बन्दोवस्त गर्ने साथै नदीजन्य वस्तुको घाटगद्दी व्यवस्थापन कार्य नगरपालिकाले तोके वमोजिमको स्थानमा गर्नु पर्ने भनि निर्णय गरियो ।

प्रस्ताव नं. २
आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ स्वीकृत सम्वन्धमा ।

निर्णय नं. २
प्रस्ताव नं. २ मा उल्लेख भएको आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ लाई आजको यस बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३
नगर सभाको मिति तय गर्ने सम्वन्धमा ।

निर्णय नं. ३
निर्णय नं. ३ माथि छलफल गर्दा आगामी नगर सभा मिति २०७६ फाल्गुण १५ गते विहिवारका दिन देखि गर्ने भनि निर्णय गरियो ।

प्रस्ताव न. ४
नदी नियन्त्रण, ग्रेडर, Visit Nepal 2020 र १२,३ वडा फापरवारी सडकको इन्धन खर्चको भुक्तानी सम्वन्धमा ।

निर्णय नं. ४
निर्णय नं. ४ माथि छलफल गर्दा निजगढ नगरपालिका भित्रका विभिन्न वडाहरुमा अविरल वर्षाको कारण खोला खहरेबाट व्यापक क्षति हुन गई सो क्षतिको न्यूनिकरण गर्ने कार्य अन्तर्गत एक्साभेटर प्रयोग भई नदी नियन्त्रण गर्ने कार्य गराईएको हुँदा साथै ग्रेडर गर्ने कार्यको भुक्तानी प्राविधिकको लागत इस्टिमेट वमोजिम भुक्तानी गर्ने र Visit Nepal 2020 कार्यको खर्च, १,२,३ वडा फापरवारी सडकको इन्धन खर्चको भुक्तानीको रकम लेखा शाखासंग समन्वय गरी मिल्दोजुल्दो शिर्षकबाट मिलान गर्ने गरी भुक्तानी दिने निर्णय गरियो ।